सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
email : moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

## मोटरसाईकल र स्कुटर आपूर्तिका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०२/१५)

यस आर्थिक मामिला तथा योजना मन्त्रालयका लागि निम्नानुसारका मोटरसाईकल र स्कुटर आवश्यक भएको हुँदा सो आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुले सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित स्पेशिफिकेशन र शर्त अनुसार आपूर्ति गर्न सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१.

| दरभाउपत्र नं. | समूह | सामानको शिर्षक | बोलपत्र जमानत | फाराम दर्ता गर्ने अन्तिम मिति र समय | फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| MOEAP/PG/02 | क | १. मोटरसाईकल थान-२ (१२५ CC) | रु ११,५००।- (एघार हजार पाँच सय) "क" श्रेणीको वाणिज्य बैंकबाट जारी गरेको । | २०७६ जेठ ३० गते १२:०० बजे सम्म | २०७६ जेठ ३० गते दिनको २:०० बजे |
| | ख | २. मोटरसाईकल थान-२ (१५० CC) | रु १५,०००।- (पन्ध्र हजार) "क" श्रेणीको वाणिज्य बैंकबाट जारी गरेको । | २०७६ जेठ ३० गते १२:०० बजे सम्म | २०७६ जेठ ३० गते दिनको २:०० बजे |
| | ग | १. स्कुटर थान-३ | रु १७,०००।- (सत्र हजार) "क" श्रेणीको वाणिज्य बैंकबाट जारी गरेको । | २०७६ जेठ ३० गते १२:०० बजे सम्म | २०७६ जेठ ३० गते दिनको २:०० बजे |

२. सिलबन्दी दरभाउपत्रसाथ नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता सहित स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र फाराम रु १,०००।- (एक हजार मात्र पछि फिर्ता नहुने गरी) तिरी यस मन्त्रालयबाट मिति २०७६/०२/१५ देखि २०७६/०२/२९ सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।बोलपत्रदाताले रु. १,०००।- तिरी दरभाउपत्र खरिद गरे पछि समुह "क" वा "ख" वा "ग" का लागि वा तीनै समूहमा प्रस्ताव पेश गर्न सक्नेछ । प्रस्ताव समूहगत छुट्टाछुट्टै रुपमा मूल्याङ्कन हुनेछ ।

४. एक व्यक्ति फर्म वा संस्थाको नाममा खरिद गरेको सिलबन्दी दरभाउ पत्र फाराम अर्को व्यक्ति फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाउने छैन ।

५. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

६. नगद नै जम्मा राख्न चाहनेले सिलबन्दी दरभाउपत्र फाराम साथ जमानत वापत समूह "क" को मोटरसाईकल आपूर्तिका लागि रु. ११,५००।- (एघार हजार पाँच सय मात्र), समूह "ख" को मोटरसाइकल आपूर्तिका लागि रु. १५,०००।- (पन्ध्र हजार मात्र) र समूह "ग" को स्कुटर आपूर्तिका लागि रु. १७,०००।- (सत्र हजार मात्र) को धरौटी खाता नं. ४१७०५०२००००००मा जम्मा गरी जम्मा गरेको बैंक भौचरको सक्कल प्रति नै पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर यस कार्यालयको नाम, सिलबन्दी दरभाउ पत्र नं. र कार्य विवरणको नाम स्पष्टरुपमा लेख्नु पर्नेछ । दरभाउपत्रमा दरभाउ पत्र पेश गर्ने बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।